# धर्मदेवी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

संखुवासभा, प्रदेश नं १, नेपाल

सूचना नं ०४।०७५।०६

धर्मदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुडेशनिश्चरे, सङ्खुवासभा १ नं. प्रदेश, नेपाल

### कार्यालय उपकरणहरु खरीदका लागि शिलवन्दी वोलपत्रआव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/०२/२४ गते

यस धर्मदेवी नगरपालिका क्षेत्रमा धर्मदेवी नगरपालिको लगानीमा शहरी सडक सौर्य सडक वत्ति जडान फारममा उल्लिखित गरिएको स्पेसिफिकिकेसन बमोजिम गर्न कम्पनी, निमार्ण व्यवसायी, फर्महरुले तल उल्लेखित निम्न शर्तहरुको अधिनमा रही रित पुर्वक शिलवन्दी वोलपत्र आव्हान गरिएको छ ।

शर्तहरु:

१. शिलवन्दी वोलपत्र फर्म खरिद गर्नका लागि रु.३००० (अक्षरेपी तिन हजार मात्र) पछि फिर्ता नहुने गरी तिरी यो सूचना प्रकाशित भएको मितिले ३० दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ । शिलवन्दी वोलपत्र फर्म खरिद गर्न आउदा कम्पनी वा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुत्ता प्रमाण पत्र आ. व. २०७४/०७५ को प्रतिलिपि सहित निवेदन संलग्न रहेको हुनुपर्नेछ ।

२. दर्ता भएको वोलपत्र फारम फर्मले शिलवन्दी गरी खाम वाहिर आफ्नो फर्मको नाम, ठेगाना र कामको विवरण स्पष्ट उल्लेख गरी शिलवन्दी गरी यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० भित्र दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका वोलपत्रहरु सोही दिनको ०२:०० बजे यस कार्यालयमा सरकारी प्रतिनिधि, फर्मको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । समयमा फर्म वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी वोलपत्र खोल्न वाधा पुग्ने छैन । कारणवश शिलवन्दी वोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खूलेको दिन सोही समयमा हुनेछ ।

३. वोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ । यदि केरमेट भएमा केरमेट भएको ठाउमा वोलपत्रदाताको दस्तखत र छाप भएको हुनु पर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको ***नेपाल एस.बि.आई. बैंक लि., मुडेशनिश्चरे, संखुवासभाको धरौटी खाता नं. ४१२९५२४१२०७००२*** को ***कोड नं. ग/३*** मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको धरौटी वापतको १२० दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारन्टी (विड वण्ड) संलग्न हुनुपर्नेछ ।

५. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नुपर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । वोलपत्र फारममा प्रत्येक पानामा सम्वन्धीत वोलपत्र दाताको दस्तखत र छाप हुनुपर्नेछ ।

६. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको शिलवन्दी वोलपत्र फारम अन्य फर्म वा कम्पनीको नामवाट दाखिला गर्न पाईने छैन ।

७. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानून तथा ऐन नियमानुसार हुनेछ ।

८. शिलवन्दी वोलपत्र पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. अन्य कूराहरु सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) र सार्वजनिक खरिद नियमावली २०६४ (छैठौं संसोधन २०७६) वमोजिम हुनेछ । अन्य कूराहरु वोलपत्र फारम माउल्लेख भए वमोजिम हुनेछ ।

१०. इजाजत प्राप्त सप्लायर्स फर्महरुले आफुले सामान उत्पादन गर्ने कम्पनी र ब्राण्ड समेत उल्लेख गर्नुपर्नेछ ।

११. बोलपत्र स्वीकृत भएमा स्वीकृत हुने बोलपत्रदाताले सम्झौता हुनुपूर्व थप २.५ प्रतिशत जम्मा गरेको धरौटी रकम उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कबोल गरेको कुल मूल्यको ५ प्रतिशत ले हुने रकम नगद रसिद वा बैंक जमानत राख्नुपर्नेछ ।

१२. हुल/हुज्जत गरी पेस भएका बोलपत्रहरु उपर कुनै कारबाही गरिनेछैन । यस सम्बन्धमा अन्य कुराका लागि यस संस्थाको उल्लेखित ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

१३. सिलबन्दी बोलपत्रदाताको खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफु स्वर्थ नबाझिएको र सम्बन्धित पेसा वा व्यवसायसम्बन्धि कसुरमा आफूले सजाय नपाएको भनी लिखितरुपमा स्व: घोषणा गरेको पत्र पेस गर्नुपर्ने छ ।

१४. यस सूचना वा बोलपत्रमा नपरेका अन्य विषयमा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

| क्र. स. | कामको विवरण | शिलवन्दी दरभाउपत्र नं. | जमानत रकम |
|---|---|---|---|
| १ | सामूदायिक विद्यालयलाई सुचनामैत्री बनाउन कम्प्यूटर, प्रिन्टर, हाजिरी मेसिन र प्रोजेक्टर वितरण (कम्प्यूटर नभएका विद्यालयहरुलाई) | ०१/NCB/DDM/२०७५/०७६ | रु.१,६०,०००।०० |
| २ | सौर्य बत्ति जडान कार्यक्रम | ०२/NCB/DDM/२०७५/०७६ | रु.२,२५,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत